महालक्ष्मी विकास बैंक लि.
**Mahalaxmi Bikas Bank Ltd.**

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रिय स्तरको इजाजत प्राप्त संस्था)

च.नं. ६२/०७८/०७९ मिति २०७८/०९/२५

श्री नेपाल स्टक एक्सचेञ्ज लि,
रामशाहपथ, काठमाडौं ।

बिषय:- बार्षिक साधारण सभा स्थगित तथा अर्को बार्षिक साधारण सभा बस्ने सम्वन्धमा ।

महाशय,

यस महालक्ष्मी बिकास बैंक लिमिटेडको मिति २०७८।०९।०२ मा बसेको सञ्चालक समितिको ५०६ औं बैठकको निर्णयानुसार बैंकको विसौ बार्षिक साधारण सभा मिति २०७८।०९।२५ गते बिहान ११.०० वजे बस्ने गरी बोलाईएकोमा बिसौ बार्षिक साधारण सभा प्रारम्भ गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ तथा यस बैंकको नियमावलीको नियम ४ को (५) अनुसारको गणपूरक संख्या पुग्न नसकी सभा स्थगित हुन गएकोमा अब उक्त स्थगित हुन गएको बिसौ बार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा अनलाईल (Virtual / Video Conference) को माध्यमबाट बस्ने भनी मिति २०७८।०९।२५गते दिनको १ वजे बसेको सञ्चालक समितिको ५१२ औं वैठकको निर्णयानूसार सभामा सहभागी हुनका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को प्रतिवन्धात्मक वाक्यांश अनुसार सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरु एवं सरोकारवालाहरुका लागि सूचना प्रकाशीत गरि जानकारी गराउने निर्णय भएको ब्यहोरा हार्दिक अनुरोध गरीन्छ । सो सभामा तहां कार्यालयबाट प्रतिनिधि पठाई सहयोग गरि दिनु हुन समेत अनुरोध गर्दछौं ।

**स्थगित भएको सभा पुन हुने मिति** २०७८ साल माघ ३ गते सोमबार (तदनुसार १७ जनवरी, २०२२)
**समय:** बिहान १० बजे
**स्थान:** महालक्ष्मी विकास बैंक लि.को केन्द्रीय कार्यालय, अन्नपूर्ण आर्केड २, दरबारमार्ग, काठमाडौं ।

भवदीय,

(सोमराज पन्त)
कम्पनी सचिव

वोधार्थ:

(क) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर :- उक्त साधारण सभामा प्रतिनिधि पठाई सहयोग गरी दिनु हुन अनुरोध गर्दछौं ।

(ख) श्री सिडिएस एण्ड क्लीयरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं :- उक्त साधारण सभामा प्रतिनिधि पठाई सहयोग गरी दिनु हुन अनुरोध गर्दछौं ।

(ग) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर,काठमाडौं : उक्त साधारण सभामा प्रतिनिधि पठाई सहयोग गरी दिनु हुन अनुरोध गर्दछौं ।

(घ) श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर नक्साल, काठमाडौं :- उक्त बार्षिक साधारण सभामा तहांबाट गर्नु पर्ने कार्यको लागि आवश्यक तयारी गर्नु गराउनु हुन अनुरोध गर्दछौं ।

मोहन गिरी
नि. निर्देशक

## महालक्ष्मी विकास बैंक लिमिटेडको मिति २०७८ पौष २५ गते बिहान ११.०० बजे बस्ने भनी सूचित गरिएको बीसौं वार्षिक साधारण सभामा गणपुरक सख्या नपुगी स्थगित हुन गएकोले सो स्थगित भएको बीसौं वार्षिक साधारण सभा पुनः बस्ने बारेको सूचना

यस महालक्ष्मी विकास बैंक लिमिटेडको मिति २०७८।०९।०२ मा बसेको सञ्चालक समितिको ५०६ औं बैठकको निर्णयानुसार बैंकको बीसौं वार्षिक साधारण सभा मिति २०७८।०९।२५ गते बिहान ११.०० बजे बस्ने गरी बोलाईएकोमा बीसौं वार्षिक साधारण सभा प्रारम्भ गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ तथा यस बैंकको नियमावलीको नियम ४ को (५) अनुसारको गणपूरक संख्या पुग्न नसकी सभा स्थगित हुन गएकोमा उक्त स्थगित हुन गएको बीसौं वार्षिक साधारण सभा (Virtual / Video Conference) को माध्यमबाट देहायको मिति, समय र स्थानमा बस्ने सञ्चालक समितिको मिति २०७८।०९।२५ गते (५१२ औं बैठक) दिनको १ बजे बसेको बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को प्रतिवन्धात्मक वाक्यांश अनुसार सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरु एवं सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको ब्यहोरा हार्दिक अनुरोध गरिन्छ ।

**स्थगित भएको सभा पुनः हुने मिति :-** २०७८ साल माघ ३ गते सोमबार (तदनुसार १७ जनवरी, २०२२)
**समय :-** बिहान १० बजे
**स्थान :-** महालक्ष्मी विकास बैंक लि.को केन्द्रीय कार्यालय, अन्नपूर्ण आर्केड २, दरबारमार्ग, काठमाडौं ।

**साधारण सभा सम्बन्धी जानकारी**

१) बीसौं वार्षिक साधारण सभामा गणपूरक संख्या नपुगी सभा स्थगित हुन गई सोहि बीसौं साधारण सभाको निरन्तरताको रुपमा रहेकोले बीसौं वार्षिक साधारण सभामा छलफल तथा निर्णय गर्ने सामान्य प्रस्तावको बिषयसूचिमा रहेको सञ्चालक पदको निर्वाचन बाहेकका अन्य सामान्य प्रस्तावहरु र बिशेष प्रस्तावहरुमा छलफल तथा निर्णय हुने ब्यहोरा सूचित गरिन्छ ।

२) बीसौं वार्षिक साधारण सभाको सामान्य प्रस्ताव अन्तर्गत प्रस्ताव नं. ६ मा लेखिएको संस्थापक समूह (क) र सर्वसाधारण समूह (ख) को सञ्चालक पदको निर्वाचनको विषयमा सम्मानीत उच्च अदालत पाटनमा रिट निवेदन परी उक्त अदालतबाट निर्वाचन कार्यक्रमको बाँकी काम कारवाही नगर्नु भनी मिति २०७८।०९।२३ मा अल्पकालिन अन्तरिम आदेश भएकोले निर्वाचन कार्यक्रम सम्बन्धी बाँकी बिषय प्रस्तुत सभामा छलफल नहुने र यस बारेमा सम्मानीत अदालतबाट पछि हुने आदेशानुसार हुने ब्यहोरा जानकारी गराईन्छ ।

३) बीसौं वार्षिक साधारण सभामा गणपुरक संख्या नपुगी स्थगित भएको र सोहि साधारण सभाको निरन्तरता भएकोले बीसौं साधारण सभाको प्रयोजनका लागि तोकिएको समय भित्र बैंकमा दर्ता भई सकेका प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिईनेछ ।

४) स्थगित भई पुनः बोलाईएको बीसौं वार्षिक साधारण सभामा शेयरधनी स्वयं उपस्थित हुन नसक्ने भएमा पुनः बोलाईएको सभामा अर्को शेयरधनीलाई कम्पनी ऐन, २०६३ को दफा ७१ को उपदफा (३) सँग सम्बन्धीत ढाँचा अनुसारको प्रतिनिधि नियुक्त गर्न सकिनेछ र त्यस्तो प्रतिनिधिले सभामा Virtual / Video Conference को माध्यमबाट छलफलमा सहभागी भई आफ्नो मन्तव्य राख्ने मत जाहेर गर्ने हक प्राप्त हुनेछ । यस्तो प्रतिनिधिपत्र (प्रोक्सी फारम) सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालय, अन्नपूर्ण आर्केड २, दरवारमार्ग, काठमाडौंमा दर्ता गराउनु पर्नेछ ।

५) विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड-१९ को हाल नयाँ भेरियन्ट ओमिक्रोन दिन प्रति दिन बृद्धि हुँदै गएको र राजधानी लगायत देशका अन्य भागमा कोभिड-१९ का बिरामीहरु बृद्धि हुँदै गएको कारणले एउटै स्थानमा धेरै संख्याका शेयरधनी महानुभावहरु उपस्थित भई साधारण सभा गर्न उपयुक्त नहुने र तोकिएका स्वास्थ्य सम्बन्धी मापदण्डको समेत उलंघन हुने अवस्था र शेयरधनी महानुभावहरुको स्वास्थ्यलाई ख्याल गरी मिति २०७८।१०।०३ मा हुने बीसौं वार्षिक साधारण सभा Virtual / Video Conference को माध्यमबाट गरीने ब्यहोरा जानकारी गराईन्छ । यस सम्बन्धमा सभा शुरु हुनुभन्दा एक घण्टा अगाडीबाट Online Login खुल्ला गरीनेछ । सो प्रयोजनका लागि शेयरधनी वा शेयरधनीको प्रतिनिधिलाई बैंकले Meeting ID / Password उपलब्ध गराउने छ ।

६) श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८।०९।१२ गतेसम्म कारोवार भई म्यादभित्र यस बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरुले मात्र सो सभामा भाग लिन र आ.व. ०७७।०७८ को बोनश शेयर तथा नगद लाभांश पाउने छन् ।

७) साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक भएमा विकास बैंकको केन्द्रीय कार्यालयको फोन ४२६८७१९, ४२२३८०८ मा कार्यालय समय भित्र सम्पर्क गर्न वा ईमेल janak.adhakari@ mahalaxmibank.com.np मार्फत जानकारी लिन सकिनेछ साथै विकास बैंकको केन्द्रीय कार्यालय अन्नपूर्ण आर्केड–२, दरबारमार्ग, काठमाडौं वा यस विकास बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा सिधै सम्पर्क समेत गर्न सकिनेछ ।

सञ्चालक समितिको निर्णयानुसार
(कम्पनी सचिव)

**महालक्ष्मी विकास बैंक लि.**
**Mahalaxmi Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय दरबार मार्ग, काठमाडौं, नेपाल
फोन नं. ४२६८७१९/४२६८७२०, फ्याक्सः ४२६९३०८
Find us on facebook /mahalaxmibikasbank/
www.mahalaxmibank.com

सबल बैंक, सफल सहकार्य